# बजेट तथा कार्यक्रम

## आ.व. २०७९/०८०

सिम्ता गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
राकम,सुर्खेत

सिम्ता गाउँ सभाको बैठकमा २०७९ साल आषाढ १० गते

बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा गाउँ कार्यपालिकाका उपाध्यक्ष

श्री गोमा शर्मा (रेग्मी) ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७९/०८० को

# बजेट वक्तव्य

# सिम्ता गाउँपालिका

# राकम,सुर्खेत

**गाउँसभाका आदरणीय अध्यक्षज्यू,गाउँसभाका सदस्यहरू, सभाका सचिव, उपस्थित कर्मचारीहरू, पत्रकारहरू एवम् सम्पूर्ण महानुभावहरू !**

१. विकेन्द्रीकरणको क्रम र अभ्यासलाई अर्थपूर्ण रूपमा अघि बढाउने पहल स्वरूप संघ, प्रदेश र स्थानीय तहको शासकीय स्वरूपमा आईपुगेको छ ।यी तिन तहका सरकारबीच सहकार्य समन्वय रसहअस्तित्वकासिद्धान्तका आधारमा संवैधानिक स्वरूपको व्यावहारिक कार्यान्वयन गर्न प्रतिबद्ध स्थानीय तह निर्वाचन २०७९ मा निर्वाचितपदाधिकारीहरूको प्रथम वर्षको बजेट तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न उपस्थित भएको छु।

२. कोभिड-१९ लगायत विभिन्न महामारीजन्य रोगको रोकथाम,नियन्त्रण र उपचारका साथै राष्ट्रिय अर्थतन्त्रलाई टेवा पुग्ने गरी गाउँपालिकाभित्रका मुख्य आर्थिक तथा सामाजिक शैक्षिक र पूर्वाधार विकासका कार्यहरूलाई अगाडि बढाउनु पर्ने जिम्मेवारी बोध गरेको छु ।

३. संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र संस्थागत गर्ने कार्यमा योगदान पुऱ्याउने सम्पूर्ण व्यक्तित्वहरूलाई स्मरण गर्न चाहन्छु।संवैधानिक अधिकारको प्रयोग गरी स्थानीय विशिष्टता, विविधता र आवश्यकताका आधारमा स्थानीय तह सञ्चालन गर्ने तथा लाभहरूको समानुपातिक, समावेशी र न्यायोचित वितरण गर्दै दिगो विकास गर्ने आधार सिर्जना गर्नमा दशकौं अगाडिदेखि संघर्ष गर्दै ज्यान गुमाउन पुग्नु भएका सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूसाथै सिम्ताली सहिदहरू स्वर्गीय ऋषि प्रसाद शर्मा र स्वर्गीय इन्द्र बि सी प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। राष्ट्रहित, राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र सङ्घर्ष, त्याग–बलिदान र विभिन्न जनजीविकाका आन्दोलनहरूको गौरवपूर्ण इतिहासलाई स्मरण एवम् बेपत्ता र पीडित नागरिकहरू प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु ।

४. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले मूलतनेपालको संविधान रकानुनहरू,नेपाल सरकार तथा कर्णालीप्रदेश सरकारको नीति,कार्यक्रम तथा बजेट वक्तव्य, नेपालको पन्ध्रौं पञ्चवर्षीय योजना,कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना,दिगो विकासका लक्ष्यहरू, सिम्ता गाउँपालिकाको आवधिक योजना क्षेत्रगत गुरूयोजना,विनियोजन विधेयक, २०७९ सिद्धान्त र प्राथमिकता,आकृष्ट हुने विविध कानुनहरू, समानुपातिक समावेशी सिद्धान्त तथा गाउँकार्यपालिकाका निर्णयहरूलाई मुख्य आधार बनाएको छु ।साथैविभिन्न क्षेत्रका सरोकारवाला र बौद्धिक जगतबाट प्राप्त हुन आएका महत्वपूर्ण सुझावहरूलाई समेत बजेट निर्माण गर्दा विशेष ध्यान दिएकोछु ।

५. दिगो विकास लक्ष्यका महान उद्देश्यहरू प्राप्त गर्नका लागि समपूरक तथा परिपूरक भूमिका निर्वाह गर्नुपर्ने दायित्व बोध गरी दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न प्रयत्न गरेको छु । साथै नेपालको दीर्घकालिन सोच "समृद्ध नेपालः सुखी नेपाली" लाई "आर्थिक, सामाजिक तथा संस्थागत विकासका लागि पूर्वाधारः सुशासनयुक्त समृद्ध सिम्ता गाउँपालिकाको आधार"का रूपमा आन्तरिकीकरण गर्न जोड दिएको छु ।

६. सिम्ता गाउँपालिकाको आन्तरिक स्रोत, नेपाल सरकार,कर्णाली प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजस्व बाँडफाँड र साझेदार संस्थाहरूबाट प्राप्त सहलगानीलाई मुल स्रोत मानी यो बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु ।

७. अनुत्पादक तथा अनावश्यक खर्च घटाउने,पुँजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरेकोछु।कार्यान्वयन योग्यता, विकासको आवश्यकता, नागरिकका अपेक्षा र विषयविज्ञहरूको सुझावलाई मध्यनजर गरी बजेट तयार गरेको छु ।

**सभाका अध्यक्षज्यू,**

**सभाका सदस्यहरू,**

८. उपलब्ध स्रोत र साधनको न्यायोचित वितरण तथा दिगो र समावेशी विकास मार्फत आर्थिक, सामाजिक असमानताको अन्त्य गर्दै सामाजवाद उन्मुख आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने संघ तथा प्रदेशको सिद्धान्तमाऐक्यबद्धता रहने गरी आगामी आर्थिक वर्ष २०७९/०८० को बजेटका उदेश्य तथा प्राथमिकता निर्धारण गरिएको छ ।बजेटका उदेश्यहरू निम्न अनुसार रहेका छन् ।

क. उपलब्ध साधन स्रोत र क्षमताको आदर्शतम् प्रयोग मार्फत सर्वाङ्गीण विकासलाई निरन्तरता दिने,

ख. लोकतन्त्रका लाभहरूको समानुपातिक, समावेशी र न्यायोचित वितरण गर्दै लोककल्याणकारी भूमिकालाई प्रभावकारी बनाउँदै लैजाने,

ग. सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा टेवा पुऱ्याउने,

घ. स्थानीय नेतृत्वको विकास र सेवा प्रवाहमा सरल, सहज र समावेशी पहुँच सुनिश्चित गर्ने,

ङ. स्थानीय तहमा विधायिकी,कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने ।

९. आगामी आर्थिक वर्षको बजेटकाउद्देश्यहरू हासिल गर्न देहायका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

क. गाउँपालिकाका गौरवका आयोजनाहरूको निरन्तरता,

ख. अधुरो आयोजनाहरूको कार्यान्वयन,

ग. सडक तथा पुल (झोलुङ्गे पुल समेत)सिंचाई,भवन तथा शहरी विकास,उर्जा,विद्युतिकरण र सञ्चार क्षेत्रको विकास मार्फत पूर्वाधार विकास,

घ. कृषि,पर्यटन,उद्योग तथा वाणिज्य,सहकारी,वित्तीय क्षेत्रको विकास मार्फत् आर्थिक विकास,

ङ. शिक्षा,स्वास्थ्य,खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण,

च. नागरिकहरूको स्वास्थ्य सुरक्षाको प्रत्याभूतिको लागि औषधि उपकरण लगायत स्वास्थ्य सेवाको विस्तार, ल्याव स्थापना, स्वास्थ्य पूर्वाधार निर्माण तथा स्वास्थ्य जनशक्तिको क्षमता विकास,

छ. विपन्न नागरिक बीमा कार्यक्रम सञ्चालन,

ज. वन संरक्षण,वातावरण व्यवस्थापन तथा विपद्मा राहत उद्धार र प्रतिकार्य,

झ. विकास साझेदार संस्थाहरूसँग सहकार्य,

ञ. सुशासन तथा संस्थागत विकास आदि ।

**सभाका अध्यक्ष महोदय,**

**सभाका सदस्यहरू,**

**अब म चालु आर्थिक वर्ष २०७८/७९ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्दछु ।**

१०. चालु आर्थिक वर्षमा रू.४९ लाख राजश्व सङ्कलन हुने अनुमान रहेकोमाचालु आर्थिक वर्षमा हालसम्मअनुमानित आन्तरिक आयको प्रक्षेपण अनुरुपको ७० प्रतिशत राजश्व संकलन भइसकेको छ ।त्यसैगरी हालसम्म नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदानबापत रू.१० करोड ७३लाख र संघीय राजस्व बाँडफाँडबाट रू.७ करोड १७ लाखरूपैया प्राप्त भएको छ ।त्यस्तै प्रदेश वित्तीय समानीकरण अनुदानवापत रू.१ करोड १३ लाख६६ हजार प्राप्त भएको छ ।

११.चालु आर्थिक वर्षको शसर्त अनुदान संघीय सरकारतर्फ २३ करोड ८२ लाख २१ हजार ६ सय १५रूपैया तथा प्रदेश शसर्त अनुदान १ करोड ३७ लाख ४० हजारप्राप्त भई सकेको छ।

१२.संघीय सरकारबाट सामाजिक सुरक्षा भत्ता बापत रू.८ करोड २५ लाख ६० हजाररुपैया बजेट विनियोजन भएकोमा तीन किस्ताको रकम निकासा भई वितरण समेत गरी सकिएको छ ।

१३.वातावरण संरक्षण तथा जलवायु परिवर्तन कार्यक्रमतर्फ रू. ७५ लाख, सुरक्षित खानेपानी तथा सरसफाई कार्यक्रमतर्फ २८ लाख २५ हजार,गरिवसँग विश्वेश्वर कार्यक्रमतर्फ रू.४ लाख ६४ हजार,१५ शैया अस्पताल तर्फ ५ करोड २ लाख ३५ हजार रुपैयाको सिधै अख्तियारी प्राप्त भएको छ । विभिन्न संस्थाहरू मार्फत्प्राप्त रकमलाई एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रमतर्फ रू १ करोड ७१ लाख,मानसिक स्वास्थ्य कार्यक्रम तर्फ रू ४७ लाख गाउँपालिकाका प्राथमिकताका क्षेत्रमा लगानी गरेको छ । यस्ता कार्यक्रमको प्रतिवेदन संस्थाले सिधै नेपाल सरकार समक्ष पठाउने हुँदा स्थानीय सरकारको बजेट प्रणालीमा समावेश गरिएको छैन ।

१४.चालु आर्थिक वर्षमाहालसम्म चालु खर्च करिव रू २६करोड७ लाख रूपैयाँ, तथा पूँजीगत खर्च करिव रू ९ करोड ६४ लाखगरी करिव रू.३५ करोड ७१ लाखखर्च भएको छ । आर्थिक वर्ष २०७७/७८ को आय र व्ययको यथार्थ विवरण, आर्थिक वर्ष २०७८/७९ को आय व्ययको संशोधित अनुमान र आर्थिक वर्ष २०७९/८० को अनुमानित आयव्ययको विवरण अनुसूचीहरूमा उल्लेख गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**सभाका सदस्यहरू,**

**अब म क्षेत्रगत रुपमा आगामी वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

**आर्थिक विकास**

**कृषि तथा पशु पालन, सहकारी, पर्यटन, उद्योग बाणिज्यसँग सम्बन्धित क्षेत्रहरू आर्थिक विकास अन्तर्गत राखिएको छ ।**

**कृषितर्फ कुल रू.४ करोड ५१ लाख विनियोजन गरेको छु ।**

१५.कृषिमा आत्मनिर्भर बनाउनका लागि कृषक र कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छु ।खाद्य सुरक्षाको प्रत्याभूतिको लागि कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण,विशिष्टीकरण र व्यावसायीकरण जरुरी छ।

१६.उन्नत बिउबिजन,मलखादको व्यवस्था तथा सिँचाईको प्रबन्ध गर्दै उन्नत खेती र उच्च मूल्यका बालीको विकास गर्नुपर्ने आवश्यकता महशुस गरी सोको लागि रू ४ लाख बजेटको व्यवस्था मिलाएको छु ।

१७.कृषि उपजको न्यूनतम समर्थन मूल्य तोकिनुका साथै भण्डारण सम्बन्धी पुर्वाधार निर्माण गरिनेछ। साथै उत्पादनमा आधारधित कृषक प्रोत्साहन कार्यक्रमका लागि रू १ लाख बजेट विनियोजन गरेको छु ।

१८. अनुकुल बाली लगाउनको लागि माटो परीक्षण गर्ने अभियानलाई पाइलट प्रोजेक्टका रुपमा अगाडि बढाइने तथा कृषि व्यावसाय दर्तालाई प्रभावकारी बनाइनेछ ।

१९. गाउँपालिकालाई कृषितर्फका साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट विकास कार्यक्रम) लाई निरन्तरता दिदै रू १३ लाख बजेटको व्यवस्था गरेको छु ।

पशुपालन

**पशुपालनतर्फ रू २ करोड २९ लाख बजेट विनियोजन गरेको छु ।**

२०. परम्परागत पशुपालनलाई व्यवसायीकरण गर्नको लागि प्रोत्साहन गरिने छ ।वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई युवा लक्षित साझेदारी व्यावसायिक पशुपालनमा प्रोत्साहन गरिने छ ।

२१. बाख्रातथा गाई भैंसीको नश्ल सुधार गरी उन्नत जातमा परिणत गराउनका लागि पशु नश्ल सुधार कार्यक्रमलाई समूह परिचालनका माध्यमबाट सबै वडामा विस्तार गरिनेछ । सो कार्यक्रमको लागि रू.६ लाख बजेट व्यवस्था गरेको छु ।

२२. निःशुल्क पशु औषधि वितरण र पशु स्वास्थ्य शिविरका लागि रू १३ लाख ५० हजार बजेट विनियोजन गरेको छू ।

२३. दुध उत्पादक कृषकलाई प्रतिलिटर ३ रूपैया कानूनी पूर्वाधार पुरा गरी प्रोत्साहन रकम उपलब्ध गराइनेछ ।

**सहकारी**

**सहकारीतर्फ रू ५ लाख विनियोजन गरेको छु ।**

२४. सहकारी क्षेत्रको नियमन र पुँजी परिचालनको माध्यमबाट सहकारी क्षेत्रलाई वित्तीय उत्प्रेरकका रुपमा विकास गरी स्थानीय अर्थतन्त्रको महत्वपूर्ण स्तम्भको रुपमा विकास गर्ने व्यवस्था मिलाएको छु ।

२५. गाउँपालिकाभित्र सञ्चालित सहकारीहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक क्षमता वृद्धि तालिमका लागि आवश्यक बजेट विनियोजन गरेको छू ।

२६. सहकारीमा आबद्ध भई व्यावसायिक रुपमा कृषि,पशुपालनवा अन्य जुनसुकै प्रकारका उद्यम व्यवसाय गर्ने समूहका लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु ।

**पर्यटन**

**पर्यटनतर्फ रू.५ लाख विनियोजन गरेको छु ।**

२७. गाउँपालिका भित्रका ऐतिहासिक,सांस्कृतिक,धार्मिक,पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान,संरक्षण,प्रवर्द्धन एवम् प्रचार प्रसार मार्फत स्थानीय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्न पर्यटकलाई अतिथिको रुपमा सम्मान गर्ने वातावरण सिर्जना गरिनेछ ।

२८. उच्च आर्थिक वृद्धि, रोजगारी र आयको वितरणलाई तत्काल टेवा पुर्याउने प्रतिस्पर्धी क्षेत्रको रुपमा अथाह सम्भावना बोकेको पर्यटन क्षेत्रको विकासलाई विशेष ध्यान दिएको छु ।

२९.पर्यटन व्यवसायको बजारीकरण गर्न आधुनिक सूचना प्रविधिको उपयोग गर्ने तथा होमस्टे, सौन्दर्यीकरण र विकास गर्दै पर्यटकीय गन्तव्यको प्रवर्द्धन गर्ने नीति अनुरुप गाउँपालिकालाई पर्यटकीय हिसाबबाट परिचित गराउनका लागि परिस्थिति सहज भएको अवस्थामासिम्ता पर्यटन महोत्सव संचालनको व्यवस्था मिलाएको छु ।

**गरिबी निवारण**

**गरिबी निवारणका लागि उपयुक्त रकम विनियोजन गरेको छु ।**

३०.गाउँपालिकाका सम्पूर्ण कार्यक्रमहरूले गरिबी निवारणमा टेवा पुर्‍याउने विश्वास लिएको छु ।गरिबी निवारण कोष अन्तर्गतका सामुदायिक संस्थासँग साझेदारी गर्दै आय आर्जन वृद्धिका क्रियाकलापहरू संचालन गरिनेछ ।गरिब परिचयपत्र वितरण कार्यक्रमलाई विशेष कार्यक्रमका रूपमा लिएको छु ।

३१.अशक्त, एकल, विधवा वञ्चितीकरणमा परेका महिलाहरूको आय आर्जन वृद्धि र क्षमता विकासका लागि उपाध्यक्षसँग महिला सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

**उद्यमशिलता, श्रम तथा रोजगार**

**उद्यमशिलता श्रम, तथा रोजगारतर्फ रू.१ करोड५० लाख विनियोजन गरेको छु ।**

३२.कृषि पशुपालन पर्यटन व्यवसाय लगायत जुनसुकै प्रकारका उद्यम व्यवसाय गर्ने उद्यमीहरू मध्ये फरक र उत्कृष्ट व्यवस्थापनका साथ काम गर्ने उद्यमीलाई पुरस्कृत गर्न रू. १० हजार बराबरको उद्यमी पुरस्कारको व्यवस्था गरेको छु ।

३३.प्रतिस्पर्धामा छनौट भएका सेवा प्रदायक संस्था मार्फत् नयाँलघुउद्यमी सिर्जना गर्ने कार्यको लागि लघुउद्यम विकासमा प्राप्त रकम रू.२९ लाख उद्यम विकासका क्षेत्रमा कुशलतापूर्वक खर्च हुने व्यवस्था मिलाएको छु ।

३४.बालश्रममुक्त गाउँपालिका घोषणा गर्नका लागि आवश्यक बजेट प्रबन्ध गरेको छु ।

## <u>सामाजिक विकास क्षेत्र</u>

**सामाजिक विकासतर्फ कुल रू. २९ करोड ५७ लाख विनियोजन गरेको छु ।**

<u>स्वास्थ्य</u>

**स्वास्थ्यतर्फ रू ५ करोड ७६लाख विनियोजन गरेको छु ।**

३५.यस गाउँपालिकाका बिरामीहरू सामान्य ल्यावको व्यवस्था नहुँदा बाहिर गई उपचार गराउनु पर्ने खर्चिलो तथा बाध्यात्मक अवस्थाको अन्त्य गर्न स्वास्थ्य चौकीमाल्याव स्थापना गर्नरू ३ लाखबजेट विनियोजन गरेको छु । गाउँपालिकाको भूगोल र जनसंख्यालाई मध्यनजर गरी थप एम्बुलेन्सको व्यवस्थापन गरिनेछ ।

३६.गाउँपालिकाभित्रका बिरामीहरूका लागि स्वास्थ्य संस्थाहरूबाट निःशुल्क वितरण हुने औषधि खरिद गर्न संघीय सरकारबाटरु.१२ लाख ७५ हजार प्राप्त भएकोमा रू.४० लाख थप गरीउपचारात्मक सेवा कार्यक्रमलाई प्रवर्द्धनगरेको छु ।

३७. स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य उपकरण खरिदको लागि रू.४ लाख बजेट व्यवस्था गरेको छु ।

३८. विभिन्न रोगहरूबाट ग्रसित व्यक्तिहरूलाई घरदैलोमा पुगी सेवा प्रदान गर्न तथा विभिन्न रोगहरूको एकै स्थानबाट उपचार गर्ने व्यवस्थाका लागि एकीकृत स्वास्थ्य शिविर संचालन गरिनेछ । यसका लागि रू.६ लाख बजेट मिलाएको छु ।

३९. स्वास्थ्य संस्थाहरूको दैनिक संचालनको प्रक्रियालाई सहज गराउन वार्षिक रू. २० हजार बराबरको संचालन खर्चको व्यवस्था गरेको छु ।

४०. घरमै सुत्केरी हुँदा आमा र बच्चा दुवैको ज्यान जोखिममा पर्ने सक्ने भएकोले स्वास्थ्य संस्थाहरूमा गई सुत्केरी हुन सचेतना जागरण र प्रोत्साहन को व्यवस्था गरिनेछ ।पूर्ण संस्थागत सुत्केरी अभियानका लागि आवश्यक बजेट मिलाएको छु ।

४१. वैकल्पिक उपचार पद्दतिको रुपमा आयुर्वेद सेवालाई विस्तार गर्नका लागि आयुर्वेद प्रवर्द्धन कार्यक्रम संचालन गर्ने नीति कार्यान्वयन गर्नका लागि रू.४२ लाख बजेट छुट्याएको छु ।

४२. स्वस्थ रहनका लागि प्रत्येक ब्यक्तिलाई व्यायाम तथा योगको आवश्यकता पर्दछ ।स्वस्थ जीवन जिउन सहयोग पुऱ्याउनको लागि योग शिक्षा कार्यक्रम संचालन गरिनेछ ।जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४३. गाउँपालिका स्तरीय खाद्य तथा पोषण सुधार निर्देशक समिति र वडा स्तरीय पोषण सुधार समितिको प्रभावकारी कार्यसम्पादनबाट पोषणमा सुधार गरिनेछ । यसको लागि रू ६ लाख बजेट विनियोजन गरेको छु ।

## शिक्षा

**शिक्षातर्फ रू २१ करोड ८० लाख विनियोजन गरेको छु ।**

आगामी आर्थिक वर्षको बजेट विनियोजन गर्दा मैले सामाजिक रुपान्तरण र आर्थिक विकासको आधारशिला रहेको शिक्षाको विकासमा सर्वोपरी जोड दिएको छु । शिक्षालाई प्राविधिक,व्यवसायिक तथा रोजगारमूलक बनाउँदै सक्षम, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति निर्माण गर्न आवश्यक वजेट मिलाएको छु ।

४४. सिम्ता गाउँपालिकाभित्र प्राविधिक शिक्षालय स्थापन गर्नका यथोचित बजेटको व्यवस्था मिलाएको छु ।

४५. विद्यालय एकीकरण तथा समायोजन कार्यविधि २०७७ अनुसार विद्यालय समायोजन र दरबन्दी मिलानको कार्य आगामी आ.व. मा सम्पन्न गर्ने व्यवस्था मिलाएको छु ।

४६. आधारभूत तथा माध्यमिक तहका प्रधानाध्यापहरूको प्रोत्साहनको लागि  संघीय बजेटबाट व्यवस्था हुने आवश्यक बजेट विनियोजन गरेको छु ।

४७. सामुदायिक विद्यालयमा अध्यापनरत बालबिकास सहजकर्ता तथा विद्यालय सहयोगीहरूको तलब भत्ताका सम्बन्धमा नेपाल सरकारले निर्धारण गरेको मासिक तलब रू ८ हजारमा गाँउपालिका तर्फबाट थप रकमको व्यवस्था मिलाएको छु । त्यसै गरी माध्यमिक विद्यालयमा कार्यरत लेखा कर्मचारीको लागि नेपाल सरकारले निर्धारण गरेको मासिक तलब रू ११ हजार ५ सयमा गाँउपालिका तर्फबाट थप रकमको व्यवस्था मिलाएको छु

४८. इ.सि.डी, आधारभुत शिक्षक तालिम,SMC/ PTA तालिम रICT तालिम संचालन गरी विद्यालयमा शिक्षाको गुणस्तर सुधार गर्न साझेदारी संस्थाहरुको सहयोग लिने व्यवस्था मिलाएको छु ।

४९. यस गाउँपालिकाको स्थानीय वस्तु स्थिती, विविधता, सामाजिक, आर्थिक, सास्कृतिक अवस्था झल्कने गरी आधारभुत स्थानीय पाठ्यक्रम निर्माण गरिनेछ । यसका लागि रू.५ लाख बजेट व्यवस्था गरेको छु ।यसका लागि साझेदार संस्थाहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

५०. विद्यालयको व्यवस्थापन तथा संचालनलाई व्यवस्थित वनाउनगाउँपालिकाभित्रका सम्पूर्ण विद्यालयका लागिसंचालन खर्च बापत आवश्यक बजेट मिलाएको छु ।

५१. गाउँपालिकाभित्रको विद्यालयमा अध्ययन गर्ने कुनै विद्यार्थीले नियमित अध्ययनको अतिरिक्त विज्ञान, सामाजिक,सूचना प्रविधि, कला, संस्कृति लगायत अन्य कुनै क्षेत्रमा आविष्कार वा नयाँ प्रतिभाप्रस्तुत गरेमा सो विद्यार्थीलाई प्रोत्साहन र उक्त कार्यलाई प्रवर्द्धनगरिनेछ ।यसको लागि विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम अन्तर्गत रू.१ लाख विनियोजन गरेको छु ।

५२. विद्यार्थीहरूमा खेलकुदको विकास गर्नको लागि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा रू.२ लाख विनियोजन गरेको छु ।

५३. सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन, आवासीय तथा गैरआवासीय छात्रवृत्ती, निशुल्क पाठ्यपुस्तक, तोकिएका विद्यार्थीहरूको दिवा खाजा तथा शिक्षक र विद्यालय कर्मचारीको तलब भत्ताका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५४. गाउँपालिकाभित्र एकमात्र उच्च शिक्षा प्रदान गरिरहेको सिम्ता बहुमुखी क्याम्पसका लागि यथोचित अनुदानको व्यवस्था मिलाएको छु ।

**धर्म संस्कृति**

**भाषा, धर्म संस्कृतितर्फ रू ५ लाख विनियोजन गरेको छु ।**

५५. गाउँपालिका भित्र रहेका प्राचीनकला,साहित्य र संस्कृति विशिष्ट पहिचानका रुपमा रहेका छन । यसर्थ सामाजिक र सांस्कृतिक रुपले हाम्रो समाज जीवित संग्रहालय हो । त्यसैले संस्कृतिको साझा सुन्दर फुलवारीको रुपमा रहेको हाम्रो समाजको तस्विर झल्काउन र अन्तर संस्कृतिको सम्मान गर्न गाउँपालिका केन्द्रलाई सांस्कृतिक संग्राहलयका रूपमा स्थापना गरिनेछ ।जहाँबाट सबै भाषी,धर्म,भूगोल र जनजातिका मानिसलले आफ्नोपन र सहायताको अनुभूति समेत गर्न सक्नेछन् ।

५६. यस गाउँपालिकाभित्र मानिदै आएका धर्म, परम्परा, चालचलनको सम्वर्द्धन तथा धार्मिक संस्थाहरूको संचालनको लागि आवश्यकता अनुसार परिचालन गर्ने गरी बजेट छुट्याएको छु ।

**लैङ्गिक समानता, सामाजिक समावेशीकरण र सामाजिक सुरक्षा**

**लैङ्गिक समानता, सामाजिक समावेशीकरण र सामाजिक सुरक्षातर्फ उपयुक्त रकम विनियोजन गरेको छु ।नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्तातर्फ करिब ९ करोड हुने अनुमान गरेको छु ।**

५७. महिला तथा बालबालिका विरूद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्न निरोधात्मक, प्रवद्धनात्मक र उपचारात्मक कार्यक्रम सञ्चालन गरिनेछ । दलित तथा अल्पसंख्यक समुदायको परम्परागत पेशा, सीप, ज्ञान र क्षमता अभिवृद्धिका लागि यथोचित रकमको व्यवस्था मिलाएको छू ।

५८. बालिकाहरूको रेखदेख संरक्षण पालनपोषण र शिक्षाको आधारका रुपमा प्रत्येक बालिकाहरूको हितको लागि छोरी खाता कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।

५९. लैङ्गिक हिंसा,महिला हिंसा, सामाजिक कुरीतिहरू, लागु पदार्थ दुर्व्यसनविरुद्ध र  धुमपान मद्यपान तथा सूर्तीजन्य पदार्थको निरुत्साहनका लागि विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ । नेपाल प्रहरीको समुदाय प्रहरी साझेदारी कार्यक्रमलाई यसै कार्यक्रम संग आवद्ध गरिनेछ ।

६०. महिला, बालवालिका,अशक्तता भएका व्यक्ति तथा जेष्ठ नागरिकका लागि विशेष कार्यक्रम संचालन गर्न आवश्यक वजेट विनियोजन गरेको छ । साथै नेपाल सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी बनाउनका लागि बैङ्किङ प्रणालीमा आबद्ध गराउने व्यवस्था मिलाएको छ ।

६१. बालविवाह, बहुविवाह, बोक्सी, छुवाछुत जस्ता कुप्रथा तथा लागुपदार्थ दुर्व्यसन जुवातास जस्ता विकृत एवम् विसंगतीहरूको अन्त्य गरी हाम्रो समाजलाई सभ्य र सुसंस्कृत बनाइनेछ । यसका लागि हाम्रो समाजः राम्रो समाज कार्यक्रमका रूपमा टोल विकास संस्था, सुरक्षा निकाय, महिला तथा बालबालिकाको क्षेत्रमा कार्यरत निकायहरूसँग समन्वय गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

६२. अशक्तता भएका व्यक्तिहरूको लागि आवश्यक उपकरणहरू उपलब्ध गराइनेछ । अशक्तता भएका व्यक्तिको अधिकार संरक्षण, प्रवर्द्धन सशक्तिकरणका लागि समुदायमा आधारित पुनःस्थापना कार्यक्रम साथै स्वरोजगारमुलक तालिम सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छ ।

६३. गैर सरकारी संस्थासँगको समन्वय र सहकार्यमा हिंसा पीडित महिला, एकल महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, सीमान्तकृत तथा लोपोन्मुख जातिको अधिकार संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छ ।

६४. प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ रू. ३५ लाख बराबरको योजना सम्पन्न गर्ने तथा रोजगारी सिर्जना गर्नेकार्यलाई काममा आधारित पारिश्रमिक र युवा रोजगारीका लागि युवा रूपान्तरण पहल आयोजनामा आबद्ध गर्ने व्यवस्था मिलाएको छ ।

<u>पूर्वाधार विकास क्षेत्र</u>

**विभिन्न विकासका पूर्वाधारहरू निर्माणका लागि एकमुष्ठ रू७ करोड ५३ लाख विनियोजन गरेको छ ।**

<u>सडक तथा पुल</u>

६५. सहज आवागमनका साथै कृषि तथा उद्योग व्यवसायको लागि वजारको पहुँच पुऱ्याउन अन्य पूर्वाधार विकासको लागि आधारशिला सिर्जना गर्न र उच्च आर्थिक वृद्धि हासिल गर्न सघाउ पुग्ने गरी सडक क्षेत्रमा उल्लेख्य रुपमा बजेट विनियोजन गरेको छ ।

६६. गाउँपालिकाभित्रका पूर्वाधार संरचनाहरूको दिगोपना तथा नियमति मर्मत सम्भारका लागि मर्मत सम्भार कोष स्थापना गरिनेछ ।जसका लागि रू ६ लाख ५० हजार विनियोजन गरेको छ ।साथै मर्मत सम्भार कोषमा प्रत्येक विकास निर्माण योजनाबाट दुई प्रतिशतका दरले रकम कटौती गरी योगदान गर्ने व्यवस्था मिलाइनेछ ।

६७. साल्झरी सडक निर्माण र मर्मत सम्भारका लागि आवश्यक रकम विनियोजन गरेको छ ।

<u>खानेपानी तथा सरसफाई</u>

**खानेपानी तथा सरसफाई तर्फ रू २ करोड १४ लाख बजेट विनियोजन गरेको छु ।**

६८. आधारभुत खानेपानी नपुगेको गाउँबस्तीमा खानेपानी पुर्याउने कार्यक्रमलाई निरन्तरता दिएको छु ।एक घर एक धारा कार्यक्रमलाई समेत अगाडि बढाउने व्यवस्था गरेकोछु ।

६९. गाउँपालिका क्षेत्रभित्र साझेदार संस्थाहरुको सहलगानीमा संचालित खानेपानी आयोजनाको प्रभावकारी कार्यान्वयनमा हाम्रो सरकारले आवश्यक समन्वय गर्नेछ ।

७०. प्राकृतिक रूपमा पानीको रिचार्ज गराउन महत्वपूर्ण भूमिका खेल्ने ताल, कुवा, पोखरी, चौतारा संरक्षणका कार्यक्रमहरू अगाडि बढाइन आवश्यक बजेटको प्रबन्ध गरेको छु ।

ऊर्जा विकास

उर्जा विकासका लागि रू १० लाख बजेट विनियोजन गरेको छु ।

७१. काठ दाउरा तथा पेट्रोलियम पदार्थको प्रयोगलाई प्रतिस्थापन गर्न सुधारिएको चुल्हो उपभोग बढाउन जोड दिइएको छ ।सिम्ता उज्यालो कार्यक्रमलाई साकार पार्न सार्वजनिक,निजी,सहकारी र सामुदायिक क्षेत्रको सह-लगानीमा ऊर्जाको उत्पादन,वितरण र व्यवस्थापनमा जोड दिईनेछ ।

७२. सौर्य उर्जा प्रविधि, बायोग्यास, बायोमास जडानका लागि नेपाल सरकारबाट सशर्त अनुदान स्वरुप प्राप्त रकम रू.१० लाख तोकिएबमोजिमकोकार्यक्रममा प्रयोग गरिनेछ ।

शहरी विकास

७३. सुकुम्वासी तथा विपन्न नागरिकको पहिचान र अभिलेख व्यवस्थापनलाई व्यवस्थित गरी सुकुम्वासी तथा विपन्न नागरिक सम्वन्धी जीविकोपार्जन र वसोवासको व्यवस्थापनका लागि रू.५ लाख व्यवस्था गरेको छु।

भवन

७४. गाउँपालिकाको जग्गा व्यवस्थापनको कार्य सम्पन्न भई स्वामित्व प्राप्तीको क्रममा रहेको जसको लागि रू २ लाख विनियोजन गरेको छु ।

७५. पन्ध्र शैया अस्पतालको कामलाई तीब्रता दिई आवश्यक बजेट विनियोजनका लागि संघीय सरकारसंग समन्वय गरिनेछ ।

७६. जीवनज्योती मा.वि. काफलकोट भवननिर्माणका लागि कर्णाली प्रदेश सरकाससँगको सहलगानीमा रू ७२ लाख ५० हजार विनियोजन गरेको छु ।

वन,वातावरण, विपद् व्यवस्थापन र भूमि व्यवस्था

**वन, वातावरणतथा विपद् व्यवस्थापन तर्फ रू१ करोड ५७ लाख बजेट विनियोजन गरेको छु ।**

७७. फलफुल, घाँसका स्वस्थ विरूवा लगायतबाट हरियाली प्रवर्द्धन गर्नका लागि बजेट विनियोजन गरेको छु ।

७८. जनसाधारणमा वातावरणीय स्वच्छता सम्वन्धी चेतना बढाई भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन,वन्यजन्तु,पंक्षी,वनस्पति तथा जैविक विविधताको संरक्षण,संवर्द्धन र दिगो उपयोग सम्वन्धी कार्यक्रमका लागि वजेट विनियोजन गरेको छु ।

७९. प्रकोप जोखिमयुक्त गाउँपालिका भएकाले विपद् व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था, संरचनात्मक व्यवस्था र बजेटको व्यवस्था गर्नुपर्ने अनिवार्यतामा रहेको छ । सोही अनुरूप आवश्यक बजेट व्यवस्था गरेको छ ।

८०. गाउँपालिकाको लागि खोज तथा उद्दारका सामाग्रीहरू व्यवस्थापन गर्न रकम विनियोजन गरेको छ ।

८१. गाउँपालिकामा विभिन्न प्राकृतिक प्रकोपहरूको उच्च जोखिम रहेकोले तत्काल खोज उद्दार र राहतका लागि गाउँपालिकाको विपद् व्यवस्थापन कोषमा आवश्यक बजेट विनियोजन गरेको छ । सोही रकमबाट जोखिममा परेका परिवारलाई रू १५ हजारका दरले राहत उपलब्ध गराउने व्यवस्था मिलाएको छ ।

८२. विपद् पीडित विपन्न नागरिकलाई आर्थिक तथा वस्तुगत सहायता वितरण, तत्कालको राहत उद्दारका लागि सहयोग सामाजिक कुसंस्कार र हिंसाको सिकार भएका पीडित व्यक्तिहरूका लागि सहयोग लगायतका कार्यहरू गरी राहत र उद्दारको क्षेत्रमा गाउँपालिकाले सक्रियता देखाउने छ ।

८३. सार्वजनिक जग्गा संरक्षण वर्ष अभियान अन्तर्गत गाउँपालिकाभित्र रहेका सम्पूर्ण सार्वजनिक/सरकारी जग्गाहरूको लगत संकलन अभियानलाई निरन्तर अगाडी बढाउन आवश्यक बजेट विनियोजन गरेको छ ।

<u>शुसासन तथा संस्थागत क्षमता विकास</u>

**शुसासन तथा संस्थागत क्षमता विकास तर्फ रू ११ करोड ६८ लाखबजेट विनियोजन गरेको छ ।**

<u>सूचना प्रविधि र संचार</u>

८४. सूचना,संचार र प्रविधिको विकास मार्फत विद्युतीय शासनको दिशामा अगाडि बढ्न आवश्यक पर्ने बजेटको प्रबन्ध गरेको छ ।

८५. व्यक्तिगत घटना दर्ता प्रणाली र पञ्जीकरणका कार्यहरूलाई विद्युतीय माध्यमबाट व्यवस्थित गर्न बजेट प्रबन्ध गरेको छ।

<u>सुशासन र सार्वजनिक सेवा प्रवाह</u>

८६. सेवा प्रवाहमा निष्पक्षता तटस्थता पारदर्शिता जवाफदेहिता उत्तरदायित्व मितव्यीता र नवप्रवर्तन सिद्दान्त अवलम्बन गर्दै सरल सहज र समावेशी पहुँच सुनिश्चित गरिनेछ । कर्मचारी तथा शिक्षकहरूको गाउँपालिका भित्र सरुवा,पुरस्कार,सजाय,वृत्ति विकास र क्षमता अभिवृद्धिको अवसरलाई कार्यसम्पादनमा आधारित बनाइनेछ । न्युनतम कार्य सम्पादनलाई अनिवार्य गरी उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई रू.१० हजार बराबरको गाउँपालिका उत्कृष्ट कर्मचारी पुरस्कारबाट सम्मान गर्ने व्यवस्था मिलाएको छ ।

८७. गाउँपालिकाभित्र सम्पन्न हुने सम्पूर्ण योजनाहरूको मितव्ययी रुपमा सम्पन्न गर्नको लागि सम्पूर्ण उपभोक्ता समितिका प्रमुख पदाधिकारीहरूलाई अभिमूखीकरणको व्यवस्था गरेको छ । जसको लागि रू.३ लाख बजेट छुटयाएको छ ।

८८. आगामी आ.व. डिजिटल नागरिक वडापत्र सहितको सेवा प्रवाह गर्ने व्यवस्था मिलाएको छ ।

८९. राजश्व व्यवस्थापन प्रणाली, योजना व्यवस्थापन प्रणाली, डिजिटल नागरिक वडापत्रको प्रयोग गरिनेछ । साथै सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली PAMS को पूर्ण प्रयोग गरी जिन्सी व्यवस्थापन गरिनेछ ।

<u>संस्थागत व्यक्तिगत र मानव संशाधन विकास</u>

९०. गाउँपालिकामा आवश्यक पर्ने क्षेत्रगत जनशक्तिको प्रक्षेपण, प्राप्ति, क्षमता विकास र प्रभावकारी उपयोग गर्न जनशक्ति विकास योजना तयार गर्ने व्यवस्था मिलाएको छु ।

९१. सार्वजनिक पदाधिकारीहरूको जवाफदेहिता सुनिश्चित हुने वातावरण सिर्जना गर्न विषयगत समिति र जनप्रतिनिधीहरूको क्षमता अभिबृद्धिको लागि आवश्यक बजेट व्यवस्था गरेको छु । स्थानीय सरकारको अधिकार क्षेत्रभित्रको न्यायिक कार्य सम्पादनलाई प्रभावकारी ढंगबाट अगाडि बढाउनका लागि न्यायिक पूनर्ताजगी तालिमको व्यवस्थाका लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

९२. कर्मचारीहरूमा व्यक्तित्व विकास क्षमता विकास र सामाजिकिकरणका साथै परिवर्तित प्रविधिसँग अद्यावधिक गर्न कर्मचारी तालिमको व्यवस्था गरेको छु । जसको लागि रू.५ लाख विनियोजन गरेको छु ।

९३. सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो, मितव्ययी, पारदर्शी र प्रभावकारी बनाई विद्युतीय सुशासन गर्न आवश्यक व्यवस्था मिलाएको छु । सार्वजनिक सेवामा सुशासनको प्रत्याभूति गराउन भष्ट्राचार विरूद्ध शून्य सहनशीलता नीति अबलम्वन गर्ने व्यवस्था मिलाएको छु ।

कर्मचारी प्रोत्साहन तथा पुरस्कार

९४. कर्मचारीको उत्पादकत्व वृद्धिका लागि उच्च मनोबलका साथ काम गर्ने वातावरण सिर्जना गर्न गाउँपालिका प्रतिबद्ध छ । प्रमुख प्रशासकीय अधिकृत र निजको निर्देशन बमोजिम गाउँकार्यपालिकाको कार्यालयमा अतिरिक्त समय खटिई काम काज गर्ने कर्मचारीलाई प्रोत्साहन भत्ता दिने व्यवस्था मिलाएको छु । यसको लागि रू.३ लाख बजेट विनियोजन गरेको छु ।

**सभाका अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यहरू**

अब मबजेटमा उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

९५. आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रू.५९ करोड ८८ लाख ३४ हजार ३ सय ५०खर्च हुने अनुमान गरेकोछु ।सामाजिक सुरक्षा भत्ता बाहेक कुल विनियोजन मध्ये चालुतर्फ रू.२५ करोड ०२ लाख ३४ हजार अर्थात् ४२ प्रतिशत र पुँजीगततर्फ रू.३४ करोड ९३ लाख अर्थात् ५८ प्रतिशत रहेको छ ।

९६. आगामी आर्थिक वर्षको व्यय अनुमानको विवरण (उपशीर्षकगत तथा खर्च शीर्षकगत समेत) गाउँपालिकाको विनियोजन विधेयक,२०७९ संगै पेश गरेको छु ।

९७. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रू.११ करोड ४० लाख,संघीय विभाज्य कोषबाट प्राप्त हुने राजश्व वाँडफाँड रू.१० करोड ६३ लाख ६४ हजार रुपैया,प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रू.१ करोड १३ लाख ६६हजार,प्रदेश राजश्व वाँडफाँड रू.१० लाख ८४ हजार ३ सय ५०,कर्णाली प्रदेशबाट समपुरक अनुदान अन्तर्गत रू ३६ लाख २५ हजार, नेपाल सरकार शसर्त अनुदान अन्तर्गत रू २८ करोड २ लाख,आन्तरिक राजस्वबाट रू.७५ लाख प्राप्त भएको छ ।

९८. चालु आर्थिक वर्षको तुलनामा आगामी आर्थिक वर्षको बजेटमा चालु खर्च रकममा सामान्य वृद्धि भएको छ । आगामी आर्थिक वर्षका निम्ती कानून अनुसार सृजित विभिन्न नयाँ संरचना, थप जनशक्ति लागि अतिरिक्त बजेट विनियोजन गर्नुपर्दा चालु खर्चमा चाप पर्न गएको छ ।

**सभाका अध्यक्ष महोदय,**

**सभाका सदस्यहरू,**

अव म आर्थिक वर्ष २०७९/०८० को लागि राजस्वका नीति प्रस्तुत गर्न चाहन्छु ।

९९. चालु आ.व. को करको दरमा झिनो वृद्धि गरि आगामी आ.व. को करको दर निर्धारण गर्ने र अधिकार क्षेत्रभित्रका करको दायरा फराकिलो पार्ने नीति लिएको छु ।

१००. कर तथा गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउन कानुनी तथा संस्थागत सुधार गरिनेछ ।कर तथा गैरकरका दरलाई प्रगतिशील बनाई राजस्व परिचालन गर्ने व्यवस्था मिलाएको छु ।

१०१. रोडा,ढुङ्गा,गिटी,बालुवा लगायतका दहत्तर बहत्तर शुल्क,विज्ञापन कर र मनोरञ्जन कर स्थानीय तहबाट संकलन गरी विभाज्य कोष खातामा जम्मा गरी ६० प्रतिशत स्थानीय तहमा राखी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा हुने कानुनी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१०२. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी सम्भावित वगरक्षेत्रहरूबाट दहत्तर बहत्तर संकलन गरी आन्तरिक आय वृद्धी गर्ने लक्ष्य लिएको छु ।

१०३. राजस्व सम्बन्धमा व्यवस्था गर्न प्रस्ताव गरिएको आर्थिक विधेयक, २०७९ लाई यसैसाथ प्रस्तुत गरेको छु । उक्त प्रस्ताव २०७९ साल श्रावण १ गतेबाट लागू हुने व्यवस्था मिलाएको छु ।

**सभाका अध्यक्ष महोदय,**

**सभाका सदस्यहरू,**

१०४. यो बजेटको कार्यान्वयनमा नागरिक सहभागितालाई नागरिकको अधिकारको रुपमा स्थापित गरी स्वशासन र जनताद्धारा शासनको चरितार्थ गरी जनताप्रति पूर्ण जिम्मेवारपूर्वक भूमिका निर्वाह गर्ने कार्यमा हाम्रो सरकार पूर्ण प्रतिवद्ध छ ।

यो बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्ष,गाउँसभाका सदस्यहरू,विभिन्न राजनीतिक दल,राष्ट्रसेवक कर्मचारी,निजी क्षेत्र, गैर सरकारी क्षेत्र,सहकारी क्षेत्र र विद्वत वर्ग,नागरिक समाजका तथा पत्रकार जगतबाट प्राप्त सुझाव,सहयोग र सल्लाहप्रतिहार्दिक आभार प्रकट गर्दछु ।

१०५. यो बजेटको सफल कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।साथै,मुलुक भित्र र बाहिर रहनु भएका सवै सिम्तालीलाई "आर्थिक, सामाजिक तथा संस्थागत विकासका लागि पूर्वाधारः सुशासनयुक्त समृद्ध सिम्ता गाउँपालिकाको आधार" को महान यात्रामा सहभागी हुन आह्वान गर्दछु । धन्यवाद!

सिम्ता गाउँपालिका

गोमा शर्मा (रेग्मी)

उपाध्यक्ष